# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission, Nepal**
**केन्द्रिय कार्यालय Central Office**
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal


## नेपालमा सुरक्षित बैदेशीक रोजगारको लागि सुधार गर्नु पर्ने नीतिगत बिषयहरु
## "Policy Reform Issues on Safe Foreign Labor Migration in Nepal" बिषयक

राष्ट्रिय परामर्श कार्यक्रम
मंसीर २६,२०७४ (डिसेम्बर १२, २०१७)

### राष्ट्रिय मानवअधिकार आयोगका माननीय सदस्य श्री सुदिप पाठकज्यूले व्यक्त गर्नु भएको उद्घाटन मन्तव्य

यस कार्यक्रमका विशिष्ठ अतिथि नेपाल सरकारका मुख्य सचिव श्री लोक दर्शन रेग्मीज्यू, अतिथिहरु परराष्ट्र सचिव श्री शंकरदाश वैरागीज्यू, श्रम तथा रोजगार मन्त्रालयका सचिव श्री लक्ष्मण मैनालीज्यू, राष्ट्रिय मानवअधिकार आयोगका सचिवज्यू ,आयोगका कर्मचारीहरु, Solidarity Center का अन्तर्राष्ट्रिय निर्देशक एवं एसिया प्रशान्त क्षेत्रीय निर्देशकज्यू, ILO, IOM , बिकासका साझेदारी संस्थाका प्रतिनीधिहरु,उच्चपदस्थ सरकारी कर्मचारीहरु, गैरसरकारी संस्थाका प्रतिनिधिज्यूहरु, वैदेशिक रोजगार व्यवसायी संघका अध्यक्षज्यू, मानवअधिकार तथा आप्रवासी श्रमिकको अधिकारका क्षेत्रमा कार्यरत पत्रकारज्यूहरु तथा महिला तथा सज्जन बृन्द ।

विश्वका हरेक मुलुकमा रोजगारीका लागि मानिसहरुले आफ्नो थाकथलो छाडेर अन्यत्र जाने गरेको पाइन्छ । त्यसक्रममा स्वदेशमा मात्र नभै विदेशमा रोजगारीमा जाने कुरा सामान्य नै भएको छ । कतिपयमा आफूले गरिरहेको भन्दा भिन्न वा राम्रो कामका लागि विदेश जाने गर्दछन् भने कतिपय स्वदेशमा रोजगारीको सम्भावना नदेखेर विदेशिने गरेको पाइन्छ ।

यसैक्रममा नेपालबाट पनि लाखौं मानिसहरु हरेक वर्ष वैदेशिक रोजगारीमा जाने गर्दछन् । स्वदेशमा आय आर्जनका अन्य उपाय नदेखेर वैदेशिक रोजगारीमा जाने विकल्प रोज्नेहरुलाई त्यस्ता कम्पनी र एजेन्टको सेवा उपयोगी हुने गरेको छ । त्यति हुँदाहुँदै पनि सयौंको संख्याका रहेका वैदेशिक रोजगार कम्पनी तथा हजारौंको संख्यामा रहेका एजेन्टहरुको समूहमा केही खराव नियत भएका व्यवसायी वा एजेन्टको पनि प्रवेश भएको देखिन्छ जसले वैदेशिक रोजगारीमा जानेहरु उपर शोषण, जालसाँजी र ज्यादती गरिरहेका कुरा दैनिक समाचार बन्न पुगेको छ । कयौं अवस्थामा वैदेशिक रोजगार व्यवसायी संघको आफ्नै आचार संहिता विपरितका घटनाहरु व्यवसायीहरुबाट भएको कुरा कसै सामु छिपेको छैन । कुनै पनि व्यक्तिले एक्लै वा सस्थागत रुपमा कानुनको परिधिभित्र रही व्यवसाय गर्न पाउने अधिकारको राष्ट्रिय मानवअधिकार आयोग सम्मान गर्दछ । तर व्यवसाय गर्ने नाममा श्रमिकको मानवअधिकार हनन् गर्ने छुट कसैलाई हुनु हुँदैन भन्ने आयोगको धारणा रहेको छ ।

देशमा रोजगारीको बैकल्पीक व्यवस्था देशभीत्र सृजना नगरे सम्म बैदेशिक रोजगारमा जानेहरुको आर्कषण बढे पनि यसलाई सबै मिलेर व्यवस्थित, मर्यादित, संस्थागत विकास र कम जोखिम यूक्त बनाउन कानुनी व्यवस्था ( बैदेशिक रोजगार नीति २०६८ ) व्यवसायीको आचार संहिता अन्तर्राष्ट्रिय कानुनको सिमा र व्यवस्था सबै लाई दृष्टिगत गरि सबैले आ-आफ्नो क्षेत्रबाट दायित्व पुरा गर्ने बेला आएको छ । यसका लागि नियमित शसक्त रुपमा विद्यमान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यवस्थाको पालना गराउन सक्नु पर्छ ।


फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org

वैदेशिक रोजगारीका लागि आप्रवासनको प्रक्रियामा रहेको वा विदेशमा कार्यरत हुँदा वा अप्ठ्यारोमा परी फर्केर आए पश्चात् सम्बन्धित श्रमिकको मानवअधिकार र श्रम अधिकार संरक्षण गर्नु राज्यको दायित्व हुन आउँछ । नेपालले पनि आफ्ना नागरिकको अधिकार संरक्षणको दायित्व पूरा गर्नका लागि विभिन्न प्रयासहरु गरेको छ, जस अन्तर्गत वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने भन्दै वैदेशिक रोजगार नीति, ऐन, नियमावली तथा निर्देशिकाहरु जारी गरिएका छन् । त्यतिमात्र नभै वैदेशिक रोजगार विभाग, न्यायाधिकरण, प्रवर्द्धन बोर्ड जस्ता संस्थाहरु निर्माण गर्नु र श्रम सहचारीको नियुक्ति वा दुतावास खोली श्रमिकको समस्या समाधानका गर्ने प्रयास गर्नु सराहनीय कदम मान्न सकिन्छ । तर अन्य क्षेत्रमा झैं विद्यमान ऐन कानुन कार्यान्वयनमा कमजोरी, कानुन उल्लंघन गर्नेलाई कारवाही गर्नमा इच्छाशक्ति नदेखाउनु, सुशासन कायम राख्न नसक्नु र पीडितमैत्री क्रियाकलाप नहुनु यस क्षेत्रको पनि मूल समस्या रहेको देखिन्छ । खासगरी आप्रवासी श्रमिकहरु विरुद्ध गम्भीर ज्यादतीमा संलग्न व्यवसायीहरु उपर कारवाही गरी दण्डहीनता अन्त्य गर्नेतर्फ राज्यका संयन्त्रहरुले हस्तक्षेपकारी भूमिका खेल्न नसक्दा दिनानुदिन विकृतिहरु बढ्न गई सबै भन्दा गरिव तप्काका आप्रवासी श्रमिकहरु शोषित र पीडित हुन परिरहेको अवस्थाप्रति आयोग चिन्तित छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको अधिकार संरक्षणका लागि सरकारले तत्काल प्रभावकारी कदमहरु नचालेमा श्रमिकहरुमाथिको ज्यादतीको श्रृंखला बढ्न जाने मात्र नभई नागरिकहरुमा निराशा बढ्न जाने देखिन्छ । यस अगाडि नै राष्ट्रिय मानव अधिकार आयोगले सुरक्षित बैदेशिक रोजगार र मानव बेचबिखन ओसार पसार नियन्त्रणका विषयमा गरेका सिफारिसहरु प्रभावकारी कार्यान्वयन गर्ने तर्फ सरकारले जिम्मेवारभई अग्रसर हुन आवश्यक छ । साथै निम्न विषयहरुमा समेत सरोकारवालहरु सवैको गंभिर चासो साथ छलफल हुन आवश्यक छ ।

- कुन मुलुकमा कति जना र यथार्थमा वैदेशिक रोजगारीमा कति जना गएका छन् वा के कस्ता काममा गएका छन् भन्ने तथ्यांक संकलन गरिनु पर्दछ । यो काम हालै निर्वाचित स्थानीय नगर र गाऊपालिकाहरु बाट प्रारम्भ गर्न सकिन्छ । साथै बैदेशिक रोजगारबाट फर्केकाहरुको तथ्यांक संकलन तत्काल सुरु गर्नु पर्छ ।
- सम्बन्धित देशमा जाने श्रमिकहरुको पर्याप्त संरक्षको व्यवस्था सुनिश्चितताका लागि श्रमिक पठाउने मुलुकहरुसँग Bilateral Agreement हरु गर्न र श्रम कुटनीति बलियो बनाई विदेशमा पनि श्रमिकहरु अप्ठ्यारोमा पर्दा सहयोग पुर्‍याउन सक्नु पर्दछ ।
- वैदेशिक रोजगारीका क्रममा शोषण, जबरजस्ती श्रम, मानव बेचविखन तथा मानव तस्करीमा संलग्नहरुका हकमा शून्य सहनशीलताको नीति अवलम्बन गर्ने तथा त्यस्ता कार्यमा संलग्नहरुलाई दण्डित गर्ने ब्यबस्थाको सुनिश्चितता गर्नु पर्दछ ।
- समस्यामा पर्दा सरकारी निकायहरु (विदेशस्थित नेपाली दुतावास समेत) बाट प्राप्त हुने सहयोग, क्षतिपूर्ति एवं बीमा, कल्याणकारी कोषबाट प्राप्त हुने क्षतिपूर्ति तथा समस्यामा पर्दा कहाँबाट कस्ता सहायता कसरी लिन सकिन्छ वा कसरी उजुरी गर्न सकिन्छ भन्ने जस्ता श्रमिकका

अधिकार र सुरक्षा सम्बन्धी जानकारीहरु हरेक आप्रवासी एवं तिनका परिवारले पाउने सुनिश्चित गर्न विशेष कार्यक्रम लागू गर्नु पर्ने ।

- वैदेशिक रोजगारमा जान इच्छुक महिलाहरूले आप्रवासनको प्रक्रियामा विभेदपूर्ण वन्देज/व्यवहारहरूको सामना गर्न नपर्ने व्यवस्था सुनिश्चित गर्ने र उनीहरुलाई असुरक्षाको जोखिमबाट संरक्षण गर्न विशेष व्यवस्था गर्नु पर्दछ ।
- “निःशुल्क भिसा निःशुल्क टिकट” नीति लगायत कानुनले तोकेको सिमाभन्दा बढी शुल्क लिन नपाउने नियमलाई कडाईका साथ लागू गर्ने, श्रमिकले तिरेको शुल्कको शीर्षकगत विवरण खुलाएर रसिद दिने कुरा सुनिश्चित गर्ने र यस नियम उल्लंघन गर्नेलाई अनिवार्य कारावाहीको दायरामा ल्याउनु पर्दछ ।
- दोहोरो करार वा नक्कली करार दिने काम अन्त्य गर्ने र करारपत्र सहित वैदेशिक रोजगारीसँग सम्बन्धित सबै प्रकारका कागजातहरु कम्तिमा ७ दिन अगावै श्रमिकको हातमा पर्ने कुराको सुनिश्चितता गर्नु पर्दछ ।
- आप्रवासी श्रमिकहरुको वैदेशिक रोजगार गमन प्रक्रियामा सहजीकरण गर्ने र न्याय सम्पादन गर्ने निकायहरुमा कार्यरत कर्मचारीहरुलाई श्रमिक अधिकार, मानवअधिकार र श्रमिक मैत्री व्यवहारका बारेमा प्रशिक्षण दिने व्यवस्था मिलाउने एवं त्यस्ता निकायमा कार्यरत कर्मचारीहरुबाट आर्थिक लगायतका भ्रष्टाचारहरु हुन नदिन प्रभावकारी उपाय अवलम्बन गर्नु पर्दछ ।
- काठमाडौँमा मात्रै केन्द्रीकृत वैदेशिक रोजगार सम्बन्धी निकायहरुको विकेन्द्रीकरण गरी श्रमिकहरुको सेवा र न्यायमा पहुँच सहज बनाउने । तत्कालको लागि जिल्ला प्रशासन कार्यालय वा प्रदेश कार्यालयबाटै यी नियकायका सेवाहरु उपलब्ध गराउनु पर्दछ ।
- प्रस्थानपूर्वको अभिमुखीकरण प्रशिक्षणलाई थप व्यवहाररिक बनाउने र त्यस प्रशिक्षणमा श्रमिकका अधिकार एवं कुनै समस्या आइपरेमा उपचार कसरी खोज्ने भन्ने विषय समेत समावेश गर्नु पर्दछ ।
- आप्रवासी श्रमिकहरुको मानवअधिकार सम्बन्धी महासन्धि तथा मानव बेचविखनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय प्रोटोकोललाई अनुमोदन गर्ने र नेपालको मानव वेचविखन सम्बन्धी ऐनमा श्रम शोषणका लागि हुने मानव ओसारपसार एवं बेचविखनको विषय समेत उल्लेख गर्नु पर्दछ ।
- खुल्ला सिमानाको कारण भारतमा रोजगारीको लागि जानेहरुको तथ्याङक राखिएको छैन साथै बैदेशिक रोजगारीको ब्याख्यामा समेत समेटिएको नहुदाँ यसमा तत्काले नेपाल सरकार प्रष्ट हुनु पर्ने देखिन्छ ।

वैदेशिक रोजगारीमा जाने श्रमिकहरुको अधिकार हनन् नेपालको मानव अधिकारको समग्र अवस्थामा एक जटिल विषय बन्दै गएको कुरालाई मध्यनजर गर्दै राष्ट्रिय मानवअधिकार आयोगले यस विषयलाई आफ्नो प्राथमिकतामा राखेको छ । पछिल्ला वर्षहरुमा आयोगले आफ्नो केन्द्रीय कार्यालय र सबै क्षेत्रीय उपक्षेत्रीय कार्यालयहरुमा फोकल अफिसरकै व्यवस्था गरी यस विषयमा उजुरी ग्रहण गर्ने, अनुगमन गर्ने, परामर्शहरु एवं सरकारलाई सिफारिसहरु गर्ने गर्दै आएको छ ।

यस वर्ष आयोगले आप्रवासी नेपाली श्रमिकहरुको अधिकारको अवस्थाका बारेमा अनुसन्धान टोली नै गठन गरी व्यवस्थित ढंगबाट अनुसन्धान गरिरहेको छ, जसको विस्तृत प्रतिवेदन केही समय पछि तयार गरी सार्वजनिक गरिनेछ र सो अनुसन्धानको Findings का आधारमा नेपाल सरकारलाई थप सिफारिसहरु गरिने नै छ । तर त्यस अघि तत्काल राष्ट्रिय मानवअधिकार आयोगले आफ्नो संस्थागत धारणा र तत्कालिन केही सिफारिसहरु सरकारलाई गर्न आवश्यक देखिएको कारण आजको यो राष्ट्रिय परामर्श कार्यक्रम आयोजना गरिएको हो ।

यस कार्यक्रममा प्रस्तुत हुने केही अवधारणा पत्रहरु, जसलाई हामीले मस्यौदा अवधारणापत्र भनेका छौं, त्यस उपर छलफल गरी अन्तिम रुप दिए पश्चात् आयोगको आफ्नो अवधारणाको रुपमा ग्रहण गर्नेछ । त्यस अर्थमा आजको यो कार्यक्रममा यहाँहरुको सहभागिता अत्यन्तै महत्वपूर्ण हुनेछ र आजको कार्यक्रममा सक्रियता पूर्वक छलफलमा सहभागी भइदिनुहुन म आयोगका तर्फबाट अनुरोध समेत गर्दछु ।

अन्त्यमा आजको यस महत्वपूर्ण कार्यक्रममा उपस्थित हुनु भएकोमा नेपाल सरकारका मुख्य सचिवज्यू, सचिवज्यूहरु, आयोगका कर्मचारीहरु, गैरसरकारी क्षेत्रका सहभागीज्यूहरु,ILO,IOM, सामी, Solidarity Center पत्रकार बन्धुहरु सबैमा आयोगका तर्फबाट यहाँहरुको उपस्थिति र सक्रिय सहभागीताको लागि हार्दिक धन्यवाद व्यक्त गर्दछु ।

मा. सुदिप पाठक
सदस्य
राष्ट्रिय मानव अधिकार आयोग
२०७४/८/२६